# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
## विराटनगर, नेपाल ।

☎ : ४६४३३९ (Ext.109)
इमेलः puoemgt@puexam.edu.np


मेडिकल/प.सं./च.नं. 439-०८१/०८२ मितिः २०८२।०१।२१ गते ।

**श्री क्याम्पस/ कलेज/ स्कूल प्रमुखज्यू,**
**B.Pharmacy/BPH/B.Sc.MLT अध्यापन गराउने सम्पूर्ण क्याम्पस/कलेज/स्कूलहरू**

**विषयः <u>परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे</u> ।**

उपरोक्त सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालयद्वारा २०८२ सालमा सञ्चालन हुने **चिकित्साशास्त्र** संकाय अन्तर्गत स्नातक तह ४ बर्षे **Bachelor in Pharmacy/Bachelor of Public Health/B.Sc.MLT** शैक्षिक कार्यक्रमको **प्रथम सेमेष्टरको नियमित तथा आँशिक तर्फका** त्यस क्याम्पस/कलेज/स्कूलमा अध्ययनरत विद्यार्थीहरूलाई २०८२।०२।१० गते सम्म **परीक्षा आवेदन फारम भराई मिति २०८२।०२।१२ गते नियमानुसारको परीक्षा शुल्क यस कार्यालयको नबिल बैंक लि.को खाता नम्बर 00710017518402 मा जम्मा गरी सो को सक्कलै भौचर र परीक्षा आवेदन फारम मिति २०८२।०२।१४ गते** सम्ममा पू.वि.परीक्षा व्यवस्थापन कार्यालय,विराटनगरमा उपलब्ध गराई दिनुहुन जानकारी गराइएको छ । तोकिएको म्याद भित्र परीक्षा आवेदन फारम भर्न छुट भएका विद्यार्थीहरुलाई तपसिल बमोजिमको **विलम्ब शुल्क** सहित परीक्षा आवेदन फाराम भराई पू.वि. परीक्षा व्यवस्थापन कार्यालय विराटनगरमा पठाउनु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फारम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फारम थान ........यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

***परीक्षा आवेदन फारम भराउँदा तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गर्न/गराउन अनुरोध छ ।***

**<u>तपसिल</u>**

१. परीक्षा आवेदन फारम पठाउदा शैक्षिक सत्र (Batch) अनुसार, अंग्रेजीको बर्णानुक्रमअनुसार Ascending order मा फारम मिलाई विषयगत विवरण फारम तयार गरी फाईलिङ्ग गरी पठाउनु पर्ने छ ।

२.परीक्षा आवेदन फारममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फारममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

३.परीक्षा आवेदन फारममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरु समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । प्रयोगात्मक विषयमा मात्र अनुतिर्ण विद्यार्थीले समेत अनिवार्य रुपमा परीक्षा आवेदन फारम भर्नुपर्नेछ ।

४.कुनै परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फारममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रतिविषय रू ५००।- लाग्नेछ ।

**५.परीक्षा शुल्क देहाय बमोजिम हुनेछः-**

| विवरण | शुल्क |
|---|---|
| १. नियमित/आँशिक (परीक्षा शुल्क २०२१ समूह देखि) | रू २,०००।०० |
| २. आंशिक १ विषय (परीक्षा शुल्क २०१९ समूह सम्मका विद्यार्थीहरुलाई) | रू ५००।०० |
| ३. आंशिक २ विषय सम्म (२०१९ समूह सम्मका विद्यार्थीहरुलाई) | रू ८००।०० |
| ४. आंशिक २ विषय भन्दा बढि (२०१९ समूह सम्मका विद्यार्थीहरुलाई) | रू ११००।०० |
| ५. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र) | रू १,०००।०० |
| ६. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले १० दिन सम्म) | रू २,०००।०० |
| ७. विलम्ब शुल्क (परीक्षा शुरु हुनुभन्दा ५ दिन अगाडि सम्म) | रू ३,०००।०० |
| ८.सम्बन्धन शुल्कः-BPH (प्रति विद्यार्थी प्रति बर्ष) | रू ८,०००।०० |
| ९.सम्बन्धन शुल्कः-B.Pharmacy (प्रति विद्यार्थी प्रति बर्ष) | रू १०,०००।०० |

--------------------
परीक्षा नियन्त्रक